# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, फाल्गुण २२ गते २०२९ साल [अतिरिक्ताङ्क ५३ (क)

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

विभूषण (दशौं संशोधन) नियमावली २०२९

विभूषण नियमावली २०२३ (यस नियमावलीमा यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज सरकारबाट देहायबमोजिमको नियमावली स्वीकृति गरिबक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमावलीको नाम "विभूषण (दशौं संशोधन) नियमावली, २०२९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ७८ मा संशोधनः- मूल नियमावलीको नियम ७८ को उप-नियम (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

(ख) उप-नियम (१) को खण्ड (ड) र खण्ड (ध) मा उल्लिखित समारोहहरूमा उपस्थित हुंदा चारमा नबढाई भए जति माथिल्लो मर्यादाक्रमको मान पदवी तथा पाए जति सबै अलंकार र पदकहरू र खण्ड (ध) बाहेक खण्ड (ढ)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखि खण्ड (भ) सम्ममा उल्लिखित समारोहहरूमा उपस्थित हुंदा आफल पाएका मानपदवीहरूमध्ये सबैभन्दा माथिल्लो मर्यादाक्रमको एउटा मानपदवी र पाए जति सबै अलंकार र पदकहरू ।

तर द्वितीय श्रेणी र सोभन्दा तल्लो मानपदवीहरू मात्र पाएका व्यक्तिहरूले यस्तो समारोहहरूमा आफूले पाए जति सबै विभूषण लगाउन सक्नेछ ।

हुकुम बक्सेबमोजिम
मि.सु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

३८०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।